दुहुँ गाउँपालिका

दुहुँ राजपत्र

खण्ड - २ संख्या - १४ मितिः २०७५।१०।०३

**भाग - २**

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति | २०७५।१०।२६ |

## **"दुहुँ गाउँपालिका दार्चुलाको "ज्येष्ठ नागरिक परिचय-पत्र बितरण निर्देशिका,२०७५"**

कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/१०/२६

प्रमाणिकरण मितिः २०७५/१०/२८

प्रस्तावनाः नेपालको संविधानको धारा ४२ को उपधारा (३), धारा ५७ को उपधारा (४), अनसुची-८ को क्र.सं. १६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११.त. को (२) ले दिएको काम कर्तव्य र अधिकारको उपयोग गरी गाउँपालिका क्षेत्र स्थित जेष्ठ नागरिकहरुको सरंक्षण गरी सामाजिक सुरक्षा

दुहुँ गाउँपालिका

प्रदान गर्न, निजहरुमा रहको ज्ञान, सीप र क्षमताको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सदभ्‌ाव अभिवृद्धि गर्दै राज्यद्वारा तोकिएका सेवा एवंम सुविधाको उचित व्यवस्थापन समेतका कार्य गर्नका लागि दुहुँ गाउँ कार्यपालिका दार्चुलाले यो “ज्येष्ठ नागरिक परिचय-पत्र बितरण निर्देशिका, २०७५” स्वीकृत गरेको छ ।

**१.लागू हुने:** यो निर्देशिका कार्यपालिका बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२.परिचय-पत्र बितरणका आधार**: नेपालको संविधानको धारा ४१ मा व्यवस्थित ज्येष्ठ नागरिकको हक र ज्येष्ठ नागरिक सम्वन्धी नियमावली, २०६५ को नियम १५ ज्येष्ठ नागरिकहरुलाई परिचय- पत्र बितरणका आधार हुनेछन ।

**३.उद्देश्य:** (क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखी नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने,

(ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको बर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजानिक कार्य स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजानिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

(ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४.लक्षितवर्ग** ज्येष्ठ नागरिक सम्वन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसार साठी बर्ष उमेर पुरा भएका सबै नेपाली नागरिकहरु ।

**५.ज्येष्ठ नागरिकहरुको वर्गीकरण:** ज्येष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छ ।

(क) सत्तरी बर्ष उमेर पुरा नगरिक ज्येष्ठ नागरिक,

(ख) सत्तरी बर्ष उमेर पुरा गरेका वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक ।

स्पष्टीकरण: “एकल ज्येष्ठ नागरिक” भन्नाले विधवा, विधुर वा अविवाहित एकल ज्येष्ठ नागरिक सम्झनु पदर्छ ।

**६.परिचय- पत्र सम्वन्धी मापदण्डः** ज्येष्ठ नागरिक परिचय -पत्र सम्वन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी बर्ष उमेर पुगेको नेपाली नागरिकलाई परिचय पत्र प्रदान गर्न सकिनेछ ।

**७.ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा** ज्येष्ठ नागरिक सम्वन्धी नियमावली, २०६५ को अनुसूची-३ बमोजिमको ढाचाँलाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची-१ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय पत्रको आकार (Size) नेपाली नागरिकता प्रमाण-पत्र आकार बराबरको हुनेछ ।

**८.परिचय-पत्र बितरण प्रकृयाः** (क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी बर्ष उमेर पगेको ज्येष्ठ नागरिक वा स्वयम् वा निजको संरक्षकले सम्वन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनु पर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नेपाली नागरिकताको प्रमाण पत्रका प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रायोजनको लागि नागरिकताको प्रमाण पत्रलाई आधार मानिने

छ ।

(ग) ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख वा निजले तोकेको पदाधिकारी हुनेछ ।

(घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकको लगत तोकिए बमोजिमको सफ्टवयेरमा कम्प्युटराइज्ड गरी गाउँ कार्यपालिकाको कार्यालयमा राखी बार्षिक रुपमा प्रदेश र सघंको सम्वन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(ङ) ज्येष्ठ नागरिक परिचय पत्रको प्रतिलिपि लिन सम्वन्धित वडा कार्यालयको सिफारिस सहित सम्वन्धित स्थानीयतहमा अनुसूची -२ बमोजिमको निवदेन पेश गर्नु पर्नेछ ।

**९.विविधः** (क) ज्येष्ठ नागरिक परिचय-पत्र बितरणका लागि सम्वन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय पत्र बितरण सम्वन्धमा माथि उल्लेखित व्यवस्था वाहेक प्रचलित कानुनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

अनुसूची-१

**ज्येष्ठ नागरिक परिचय-पत्र**

फोटो

प्र.प.नं. ...... ...... .....

नाम थरः ...... ..... .....

ना.प्र.नं..... ..... ..... (जारी मिति र जिल्ला सहित)

ठेगानाः ................ जिल्ला ......................... गाउँपालिका वडा नं......... गाउँ/टोल....................................

उमेरः ....लिगं ....... उपलब्ध छुट तथा सुविधाहरुः . ........... ............ पति/पत्नीको नामः ........ .......... ......... ..........

हेरचाह केन्द्रमा बसको भए सोको बिवरणः .......... .......... ........... ...................... ......... ........... ...........

सरंक्षकको नाम थरः सम्पर्क नं. ....... .............. रक्त समुहः .............

रोग भए रागेको नामः ....... ......... .................

सेवन गरी रहेको औषधीको नामः .......... ............ ...........

प्रमाणित गर्नेको दस्तखतः

नामः

पदः

कायार्लयः

मितिः

हुप्सेकोट गाउँपालिका

अनुसूची-२

ज्येष्ठ नागरिक परिचय-पत्रको लागि दिईने निवदेनको ढाचाँ

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

दुहुँ गाँउकार्यपालिकाको कार्यालय,

हिकिला , दार्चुला ।

ज्येष्ठ नागरिक सम्वन्धी ऐन, २०६३ को दफा २ (क) ले परिभाषित गरे बमोजिम मेरो उमेर साठी बर्ष पुरा भैसकको हुँदा ज्येष्ठ नागरिक सम्वन्धी नियमावली, २०६५ को नियम १५ बमोजिम ज्येष्ठ नागरिक परिचय-पत्र पाउन निवदेन पेश गर्दछु ।

नाम थरः ...... ..... .....

ठेगानाः ........ जिल्ला ........ ..... गाउँपालिका वडा नं....

गाउँ/टोल.........

नागरिकता नं ..... .......... लिएको मिति र जारी जिल्लाः ...... ...........

जन्म मितिः ........ ........ हालको उमेरः .... लिगं .......

पति/पत्नीको नामः ........ ... ........... ...........

हेरचाह केन्द्रमा बसको भए सोको बिवरणः .......... .......... ........................................................................................................

संरक्षकको नाम थरः ............................................................................

सर्म्पक नं ....... .............. रक्त समूहः .............

रोगभए रोगको नामः ....... ......... ................. .............

सेवन गरी रहेको औषधीको नामः ........ ............ .............

माथि उल्लेखित विवरण ठिक साँचो हो झुटा ठहरे कानुन बमोजिम सहुँला बुझाँउला ।

निवेदकको सहीः...... ........ .......

मितिः .....

दुहुँ गाँउपालिका

आज्ञाले,

शिवराज भट्ट

निमित्त प्रमुख प्रशासकीय अधिकृत

दुँदुँ गाउँपालिका